आज मिति २०८० साल पौष २ गते दिनको ११:०० बजे यस सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री मणिराम बुढाथोकीज्यूको अध्यक्षतामा, गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा आ.व. २०८०/०८१ को छैठौ गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिती :

| क.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मणिराम बुढाथोकी | गाउँपालिका अध्यक्ष | |
| २ | श्री मिना थापा | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री पवन कुमार कवर | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेत्र बहादुर गिरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री दुर्गा बहादुर विष्ट | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री ओविलाल बस्नेत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री मणि थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री लोकेन्द्र बहादुर थापा | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रेशम शर्मा | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री धनराज रोका | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री रितादेवी थापा | कार्यपालिका सदस्य वडा नं. ३ | |
| १२ | श्री निर्मला पुनमगर | कार्यपालिका सदस्य वडा नं. ४ | |
| १३ | श्री अनिता थापा | कार्यपालिका सदस्य वडा नं. ६ | |
| १४ | श्री इन्द्रा रोकामगर | कार्यपालिका सदस्य वडा नं. ८ | |
| १५ | श्री तुल्सी सुनार | कार्यपालिका सदस्य वडा नं. १ | |
| १६ | श्री नेमलाल दमाई | कार्यपालिका सदस्य वडा नं. ७ | |
| १७ | श्री गोविन्द भट्टराई | सचिव, प्रमुख प्रशासकीय अधिकृत | |
| सहयोगी कर्मचारीहरु | | | |
| १ | रनवीर बुढा | अधिकृत/अधिकृत छैठौ | |
| २ | पदम प्रसाद रिजाल | सहायक पाँचौ | |
| ३ | दुर्योधन महरा | सहायक कम्प्यूटर अपरेटर | |
| ४ | श्रीजना पुन मगर | कार्यालय सहयोगी | |

प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

## छैठौं गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु:

१. आन्तरिक आय (नदीजन्य पदार्थ)को संझौता सम्बन्धमा ।

## २०८० पौष २ गते बसेको छैठौं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १. | आन्तरीक आय नदीजन्य पदार्थको उत्खनन् तथा बिक्री वितरणको संझौता सम्बन्धमा । | नेपालको संविधानको अनुसूची -८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड घ (६) बमोजिम प्रदत्त अधिकारको प्रयोग गरी सुनिलस्मृति गाउँपालिका रोल्पाभित्रका खोला बाट उत्खनन संकलन भई निकासी गर्दा लाग्ने वस्तुमा कर संकलन गर्ने उद्देश्यले आ.व. २०८०/०८१ का लागि ठेक्का अवधिमा आय ठेक्का नं. ०२/SQ/SSRM/२०८०-०८१ को लागि गाउँपालिकाले तोकेको शर्तहरुको अधिनमा रही वोलपत्र पेश गर्न इच्छुक फर्म वा कम्पनीहरुवाट रीतपूर्कको सिलबन्दी वोलपत्र पेश गर्न मिति २०८०/०७/२३ गते नयाँ युगबोध राष्ट्रिय दैनिक, गाउँपालिकाको वेभपेजका साथै फेसबुकमा प्रथम पटक १५(पन्ध्र) दिनको सार्वजनिक सुचना आह्वान गरिएकोमा निर्धारीत समयावधि भित्र कुनैपनि व्यक्ति फर्म वा कम्पनिहरुबाट बोलपत्र पेश हुन नआएकोले पुनः मिति २०८०/०८/११ गते दोश्रो पटक ७ (सात) दिनको सार्वजनिक सुचना प्रकाशित गरीएकोमा यो अवधिमा समेत कुनै बोलपत्र पेश हुन आएन। त्यसैगरी मिति २०८०/०८/२३ गते तेश्रो पटक पुनः७(सात) दिनको सार्वजनिक सुचना प्रकाशित गरिएकोमा सो सूचना वमोजिम समेत कुनै पनि फर्म वा कम्पनीबाट वोलपत्र पेश नभएको । मिति २०८०/०९/०२ गते एन्जल निर्माण सेवा प्रा.ली.स्वर्गद्धारी नगरपालिका-३ प्यूठानले कार्यालयले तोकेको न्युनतम कबोल अंक र शर्तमा उक्त ठेक्का नलागेको नदीजन्य पदार्थको उत्खनन् तथा बिक्री वितरणको काम गर्न इच्छुक भएको व्यहोराको निवेदन प्राप्त भएको । | मिति २०८०/०९/०२ गते एन्जल निर्माण सेवा प्रा.ली.स्वर्गद्धारी नगरपालिका-३ प्यूठानले कार्यालयले तोकेको न्युनतम कबोल अंक र शर्तमा उक्त ठेक्का नलागेको नदीजन्य पदार्थको उत्खनन् तथा बिक्री वितरणको काम गर्न इच्छुक भएको भन्ने व्यहोराको निवेदन प्राप्त भएको सो निवेदन उपर गाउँपालिकाको राजश्व परामर्श समितिको मिति २०८०।०९।०२ को निर्णय अनुसार प्राप्त निवेदन वमोजिम कानुन बमोजिम संझौता गरि कामकाज गर्न उपयुक्त हुने भनि कार्यपालिकालाई सिफारिस समेत गरेकोले निवेदन प्राप्त इच्छुक फर्म वा कम्पनीसँग संझौता गरी काम गर्न कार्यालयले तोकेको न्यूनतम कबोल अंकमा नघट्ने गरी उक्त एन्जल निर्माण सेवा प्रा.ली.स्वर्गद्धारी नगरपालिका -३ प्यूठानलाई नदीजन्य पदार्थको उत्खनन् तथा बिक्री वितरणको रोयल्टि संकलन गर्न दिने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी